# बारेकोट गाउँपालिकामा कार्यरत कर्मचारीहरूको समायोजन व्यवस्थापन गर्न बनेको ऐन २०७७

**प्रमाणित मिति : २०७७/१२/१२**

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरूको समायोजन भई बारेकोट गाउँपालिकामा कामकाज गर्न खटाइएका साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरूको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरूको र अन्य स्थानीय निकायबाट सरुवा समायोजन तथा पदस्थापन भएका कर्मचारीहरूको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम बारेकोट गाउँपालिकाका कर्मचारी समायोजन गर्न बनेको ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेसम्म यस ऐनमा,

(क) “ऐन” भन्नाले बारेकोट गाउँपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ लाई सम्झनु पर्छ ।

(ख) “कर्मचारी” भन्नाले साविकका स्थानीय निकायका रुपमा रहेको बारेकोट गाउँपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत रहेका र अन्य स्थानीय निकायबाट समायोजन हुँदा बढुवा नभई बारेकोट गाउँपालिकामा समायोजन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ) “गाउँ सभा” भन्नाले बारेकोट गाउापालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) “स्थानीय सेवा” भन्नाले बारेकोट गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) “गाउँपालिका” भन्नाले बारेकोट गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ) “स्थानीय कानुन भन्नाले बारेकोट गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. **गाउँपालिका स्थानीय सेवाका कर्मचारी बढुवा तथा समायोजन गर्ने** : (१) साविकको स्थानयि निकायको रुपमा गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई गाउँपालिकामा सरुवा समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको समायोजन तथा बढुवा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कम्तीमा एक तह बढुवाका लागि न्यूनतम योग्यता पुगेका कम्तीमा तीन वर्ष स्थायी रुपमा कार्यरत गाउँपालिकामा समायोजन सरुवा र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीहरूको बढुवा समायोजन देहाय बमोजिम हुनेछ ।

| क्र. सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणीविहिन दोश्रो, गाउँ प्रहरी | श्रेणीविहिन तेश्रो (नगर प्रहरी) | श्रेणी विहिन तेश्रो | |
| २. | सहायकस्तर तृतीय | सहायकस्तर चौथो | सहायकस्तर चौथो | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | सहायकस्तर पाँचौ | |
| ४. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौँ | अधिकृतस्तर छैठौँ | |
| ५. | अधिकृतस्तर छैठौँ | अधिकृतस्तर सातौँ | अधिकृतस्तर सातौँ | |
| ६. | अधिकृतस्तर सातौँ | अधिकृतस्तर आठौँ | अधिकृतस्तर आठौँ | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम गाउँपालिका स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीले बढुवा कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरू प्राप्त गर्ने छन् ।

(६) उपदफा (२) बमोजिमको बढुवा तथा स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

४. **बढुवा पत्र दिने :** (१) यस ऐन बमोजिम बढुवा भएपश्चात गाउँपालिकाका स्थायी सेवाका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

५. **पदस्थापना गरिने :** दफा ३ बमोजिम बढुवा भएका गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरूलाई समायोजन तथा बढुवा पश्चात समायोजन भएको सेवा समूह मिल्दो पद रिक्त भएमा स्वतह समायोजन हुने पद रिक्त नभएमा पदस्थापन गर्नु अघि स्वतः पुनः दरबन्दीमा कायम भएको मानिने छ । यसरी बढुवा समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व गरिआएको कामकाज गर्न बाधा परेको मानिने छैन ।

६. गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरूलाई उपयुक्त समूह तथा उपसमूहमा पदस्थापन गरिनेछ ।

७. **बढुवा भएका कर्मचारीको सेवा, सुविधा :** यस ऐन बमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरूको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

८. यो ऐन प्रारम्भ भएपछि बढुवा समायोजन हुन योग्यता पुगेका कर्मचारीहरूको योग्यता क्षमताको मूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृतले बढुवा समायोजन पत्र दिनु पर्ने छ।

९. **जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरूको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

१०. **आवश्यक व्यवस्थापन मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न कार्यपालिकाको यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## अनुसूची-१
## दफा ४ को उपदफा (२) सँग सम्बन्धित
## समायोजन/बढुवा पत्र

पत्र संख्या :

चलानी नं.

श्री ……………………………….

……………………………………….

**विषय : समायोजन तथा बढुवा गरिएको सम्बन्धमा**

बारेकोट गाउँपालिकाका कर्मचारीहरूको समायोजन व्यवस्थापन गर्न बनेको ऐन, २०७७ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाइलाई देहाय बमोजिमको पद तथा तहमा रहने गरी बढुवा समायोजन गरिएको छ ।

बढुवा हुनु भएकोमा बधाई छ ।

तपशिल

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समूहः<br>नियुक्ति मितिः | पदः<br>तहः<br>सेवाः<br>समूहः<br>नियुक्ति मितिः |

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री कर्मचारी संचय कोष ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, बारेकोट गाउँपालिका लिम्सा जाजरकोट ।